# मरिण राजपत्र


मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ७ मरिण साउन १८ गते, २०८१ साल संख्या ३


## भाग २

# मरिण गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५(तेस्रो संशोधन, २०८१)

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को को उपदफा २ (१) ले दिएकको अधिकार प्रयोग गरी मरिण गाउँकार्यपालिकाले यो ...* कार्यविधि बनाई लागु गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ-ः**

(१) यो कार्यविधिको नाम "मरिण गाउँपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (तेस्रो संशोधन, २०८१)" रहेको छ ।

(२) यो कार्यविधि मरिण गाउँकार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागु हुनेछ ।

* प्रथम संशोधनद्वारा हटाईएको ।

э प्रथम संशोधनद्वारा थप गरिएको ।

© प्रथम संशोधनद्वारा शंशोधन गरिएको।

α दोस्रो संशोधनद्वारा थप गरिएको ।

β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(१) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(२) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिकालाई सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले मरिण गाउँपालिका यस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(५) "नगर प्रहरी" भन्नाले मरिण गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारी सम्झनु पर्दछ ।

(६) "भत्ता" भन्नाले मरिण गाउँपालिकावाट प्रचलित मापदण्ड बमोजिम तोकिएको भत्तालाई सम्झनु पर्दछ ।

(७) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई अषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(९) "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न कानुन बमोजिम खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(११) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँकार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

(१२) "जवान" भन्नाले अधिकृत वाहेकका प्रहरी जवानलाई सम्झनु पर्दछ ।

(१३) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको व्याख्या ...*:**

(१) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) कार्यविधिको बुँदा ३ (१) को सम्वन्धमा गाउँ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

* प्रथम संशोधनद्वारा हटाईएको ।

϶ प्रथम संशोधनद्वारा थप गरिएको ।

© प्रथम संशोधनद्वारा संशोधन गरिएको।

α दोस्रो संशोधनद्वारा थप गरिएको ।

β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

क तेस्रो संशोधनद्वारा थप गरिएको ।

ख तेस्रो संशोधनद्वारा हटाईएको ।

ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।

घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

च तेस्रो संशोधनबाट संशोधन गरिएको ।

छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

## परिच्छेद– २

## नगर प्रहरी सेवा गठन ...*

**४. नगर प्रहरी सेवाको गठन :**

गाउँपालिकामा एक नगर प्रहरी सेवा ...* रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको दरबन्दी कार्यपालिकाले© तोके बमोजिम हुनेछ ।

**५. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :**

(१) गाउँ कार्यपालिकाले© तोकेको पद र तह रहनेछन ।

(२) गाउँ कार्यपालिकाले© प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३)...*

## परिच्छेद – ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(५) गाउँ सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायाको नियन्त्रण,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(१२) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यावसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफैले हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न सिफारिस गर्ने ।

(१३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) गाउँ क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०) गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने

∗ प्रथम संशोधनद्वारा हटाईएको ।
℈ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(२२) गाउँ क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२३) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा अनाधिकृत रुपमा सञ्चालन गरिएको जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) गाउँमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल (Fire Brigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने ।

(३१) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) गाउँपालिका अन्र्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु सम्पादन गर्न जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

∗ प्रथम संशोधनद्वारा हटाईएको ।

϶ प्रथम संशोधनद्वारा थप गरिएको ।

© प्रथम संशोधनद्वारा संशोधन गरिएको।

α दोस्रो संशोधनद्वारा थप गरिएको ।

β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

क तेस्रो संशोधनद्वारा थप गरिएको ।

ख तेस्रो संशोधनद्वारा हटाईएको ।

ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।

घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

च तेस्रो संशोधनबाट संशोधन गरिएको ।

छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

## परिच्छेद – ४
## तह विभाजन र पदपूर्ति

**७. नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया :**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सृजना तथा खारेजी गाउँ कार्यपालिकाले© निर्णय गरे वमोजिम हुनेछ ।

(२) दरबन्दी© सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका© समक्ष पेश गर्नु पर्नेछ ।

**८. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :**

**(१) नगर प्रहरी जवान -८**

**हवल्दार-२**

**नगर प्रहरी सहायक निरीक्षक-१**

**जम्मा-११[क]**

(२) नगर प्रहरीको देहायका पदहरु वढुवा प्रकृयाद्धारा पूर्ति गरिनेछ ।

क. नगर प्रहरी सहायक निरीक्षक

ख. नगर प्रहरी हवल्दार

(३) ........................ ।[α] ..........[ख]

**९. नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**१०. नगर प्रहरी करार सेवाको जवान पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।**

**१०(क) उपदफा बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन प्रचलित समावेशीताको मापदण्ड अंगीकार गरी गाउँ कार्यपालिकाको निर्णयानुसार सामावेशी तवरले पदपूर्ति गरिनेछ ।** [ग]

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

११. ...*

**१२. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :-**

नगर प्रहरी पदको लागि हुने खुल्ला[घ] प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

(१) दरखास्त दिने अन्तिम म्याद सम्म© १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको,
तर नेपाली प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनावाट अवकास प्राप्त व्यक्ति ४० बर्ष ननाघेसम्म उम्मेदवार हुन बाधा पर्ने छैन© ।

**(२) नगर प्रहरी जवान पदको लागि एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको ।[ङ]**

(३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

(५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३. पदपूर्ति तथा बढुवा समितिः[च]** गाउँपालिकामा नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(१) अध्यक्ष : प्रमुख प्रशासकीय अधिकृत©

(२) सदस्य : नगर प्रहरी प्रमुख©

(३) सदस्य सचिव : प्रशासन शाखा प्रमुख

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि...*लाई विज्ञको रुपमा आमन्त्रित गर्न सकिनेछ© ।

**१४. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ...*

∗ प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने । पाठ्यक्रम निर्धारण गर्दा© नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने वा© आवश्यक्ता अनुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सक्नेछ© ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) ...*

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवाको© लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा १५ दिनको दरखास्त पेश गर्ने म्याद दिई अनुसूची १ को ढाँचामा सूचना प्रकाशित गर्नु पर्नेछ© ।

(४) योग्य उम्मेदवारले अनुसूची २ को ढाँचामा दरखास्त दिन सक्नेछन्϶ ।

**१५. नगर प्रहरीको नियुक्ति र बर्खास्ती© :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा ५०© प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) कार्यविधिको बुँदा १४ (क) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नु पर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र गाउँ कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) कार्यविधिको बुँदा १४ (ग) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतद्धारा नियुक्तिपत्र दिइने छ ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(५) नगर प्रहरीको जेष्ठताक्रम कायम निजहरुले छनौट परीक्षामा प्राप्त गरेको अंकको आधारमा गरिनेछ[७] ।

(६) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज भएको मानिनेछ[७] ।

(७) कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले करार सम्झौता भगं गर्न सक्नेछ[७] ।

१६. ...*

१७. ...*

**१८. क. गाउँपालिका प्रशासनको नियन्त्रण रहने[७] :**

नगर प्रहरी अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

## परिच्छेद –५

**१९ बढुवा गर्ने अधिकारीः**

पदपूर्ति समितिको सिफारिसमा मरिण गाउँ कार्यपालिकाले बढुवा गर्नेछ ।[α]

**२० वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि :**

**(१) नगर प्रहरी हवल्दार पदमा वढुवा हुनको लागि एकतह मुनिको पदमा कम्तीमा चार बर्षको सेवा अवधि पुगेको हुनु पर्नेछ भने नगर प्रहरी सहायक निरीक्षक पदमा वढुवा हुनको लागि सिभिलको हकमा नगर प्रहरी हवल्दार पदमा कम्तिमा दुई बर्षको सेवा अवधि पुगेको हुनु पर्नेछ । यदि उम्मेदवार नेपाली सेना, सशत्र प्रहरी र नेपाल प्रहरीवाट अवकाश प्राप्त भई सेवा प्रवेश गरेको हकमा नगर प्रहरी हवल्दार भएको कम्तीमा १ वर्ष पूरा गरेको हुनु पर्नेछ ।[छ]**

* प्रथम संशोधनद्वारा हटाईएको ।

७ प्रथम संशोधनद्वारा थप गरिएको ।

© प्रथम संशोधनद्वारा संशोधन गरिएको।

α दोस्रो संशोधनद्वारा थप गरिएको ।

β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

क तेस्रो संशोधनद्वारा थप गरिएको ।

ख तेस्रो संशोधनद्वारा हटाईएको ।

ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।

घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

च तेस्रो संशोधनबाट संशोधन गरिएको ।

छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(२) दफा २० (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,

(ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,$^{\alpha}$

२१ **वढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधार :**

नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस कार्यविधि वमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ । तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :-

(क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा,

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा,

(ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा,

(घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

(१) नोकरीको जेष्ठता (२) कार्यसम्पादन मूल्याङ्कन (३) शैक्षिक योग्यता

(४) तालिम

(ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(च)वढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ ।

(छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ ।

| शैक्षिक योग्यता | प्रथम | द्बितीय | तृतीय | कैफियत |
|---|---|---|---|---|
| हाल वहाल रहेको पदमा नयाँ नियुक्ति दिंदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |
| आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधी भएमा | ५ | ४ | ३ | |

तर,

श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा (१)सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्बितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिनेछ।

(ज)कार्य सम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ ।

तालिम वापत प्रथम, द्बितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिइनेछ ।α

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

## परिच्छेद – ६
## विदा

**२२ विदा अधिकारको कुरा होइन :**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

(अ) भैपरी आउने र पर्व विदा

(आ) किरिया विदा

(इ) प्रसुती विदा

(ई) सट्टा विदा

(उ) प्रसुति स्याहार विदा

(ऊ) ...*

**२३ विदा स्वीकृत नगराई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :**

(१) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराई अनुपस्थित रहन पाउने छैन ।

(२) दफा २३ को उपदफा (१) को उल्लंघन गरी गयल हुने नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ ।तर गयल भएको अवधिको विदाको निवेदन पेश गरी विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**२४ भैपरी/पर्व विदा :**

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक बर्षमा© १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।

(२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

(४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको पूर्व स्वीकृति लिनु पर्नेछ । पूर्व स्वीकृत लिन सम्भव नभएको व्यहोरा विदा स्वीकृत गर्ने अधिकारीलाई लागेमा पछि पनि विदा स्वीकृत गर्न सक्नेछ© ।

(५) भैपरी/पर्व विदा बसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता पाउनेछन ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(६) ...*

२५ **किरिया विदा :**

(१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई पनि दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

२६ **प्रसूती विदा :**

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(३) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ ।

२७ **प्रसूती स्याहार विदा :**

(१) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(२) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(३) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्मदर्ता प्रमाण–पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

२८ **सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई तोकिएको अधिकारीले सट्टा विदा दिन सक्नेछ । ...*

२९ ...*

३० **विदा दिने अधिकारी** : बिदा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

३१ **विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

३२ **सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

३३ **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । ...*

३४ ...*

३५ **विदाको अभिलेख :** नगर प्रहरी प्रमुखले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको डयुटी तथा© विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र मासिक रुपमा प्रशासन शाखालाइ विवरण पेश गर्नुपर्नेछ ।

३६ ...*

३७ **झुठो कारण देखाएमा सजाय हुने :** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

३८ ...*

## परिच्छेद ७

## आचरण

३९ **दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

४० ...*

४१. **चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

४२. **सम्पत्ति खरिदको जानकारी दिनुपर्ने :** नगर प्रहरी कर्मचारीले आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न गर्नु पर्ने भएमा मरिण गाउँपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

४३. **सम्पत्तिको विवरण दिनुपर्ने :**

(१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले साठी दिन भित्र तोकिए बमोजिम सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ© ।

(क) ...*

(ख) ...*

(ग) ...*

(घ) ...*

४४. **व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन ।

(१) कुनै व्यापार गर्न

(२) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(३) कुनै व्यवसाय चलाउन ।

४५. **प्रकाशन र प्रसारण गर्न नहुने :** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

४६. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

४७. **गाउँपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

४८. **निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।
तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

४९. **राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

५०. **समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा उपस्थित भई© हाजिर हुनुपर्दछ।

५१. **अनुशासन र आज्ञापालन :** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

नगर प्रहरी कर्मचारीले आफ्नो कार्या (२)लयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

नगर प्रहरी कर्मचारीले माथिल्ला अधिकारी प्रति उचित आदरदेखाउनुपर्नेछ । (३)

५२. **बाह्य प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

५३. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद – ८

## सजाय र पुनरावेदन

५४. **सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्नसकिनेछ :

(१) नसिहत दिने ।

(२) शारीरिक थकाई हुने सजाय गर्ने ।

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(३) ...*

(४) तल्लो तहमा घटुवा गर्ने

(५) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने© ।

(७) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

५५. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखि सेवावाट वर्खास्त गरिनेछ© ।

५६. **...***

५७. **दर्जा र तलब घटाउने :** सजाय गर्ने अधिकारीलेकुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(१) सन्तोषजनक काम नगरेमा ।

(२) अनुशासनहीनता गरेमा ।

(३) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

(४) ...*

(५) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(६) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(७) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

५८. **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(१) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

(२) राजनीतिमा भाग लिएमा

(३) वरावर अनुशासनहीन काम गरेमा

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

(५) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(६) भ्रष्टाचार गरेमा

(७) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(८) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(९) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

५९. **सजाय सम्बन्धी कार्यविधि :** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीलाई हुनेछ© ।

(२)नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।...*

(क) ...*

(ख) ...*

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसँग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित ( हुनेछ। निलम्बन अवधिभर तलव भत्ता भुक्तानी हुने छैन϶ ।

(क) ...*

(ख) ...*

६०. **सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण

* प्रथम संशोधनद्वारा हटाईएको ।

϶ प्रथम संशोधनद्वारा थप गरिएको ।

© प्रथम संशोधनद्वारा संशोधन गरिएको।

α दोस्रो संशोधनद्वारा थप गरिएको ।

β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

क तेस्रो संशोधनद्वारा थप गरिएको ।

ख तेस्रो संशोधनद्वारा हटाईएको ।

ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।

घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

च तेस्रो संशोधनबाट संशोधन गरिएको ।

छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

६१. **सेवाको अन्त गर्ने :** कुनै नगर प्रहरी कर्मचारीलाई स्वीकृत चिकित्सकले शारीरिक दृष्टले अनुपयुक्त ठहर्याएमा निजको सेवा अन्त गर्नुपर्दा यो कार्यविधि अपनाउनु पर्नेछैन ।

तर यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजलालई गाउँकार्यपालिका बाट निर्णय गरि बढिमा १ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता उपलब्ध गराइनेछ© ।

(१) ...*

(२) ...*

(३) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति रहने छन् :

(क) प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

(ख) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय सरकार© मातहतको अस्पताल - सदस्य

(ग) नगर प्रहरी प्रमुख - सदस्य सचिव

(४) बुँदा ६१ (३) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

६२. **उपचार खर्च :**

(१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि गाउँ कार्यपालिका को निर्णय बमोजिमको उपचार खर्च गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(२) झुट्टा व्यहोरा पेश गरी नियमवमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

* प्रथम संशोधनद्वारा हटाईएको ।

϶ प्रथम संशोधनद्वारा थप गरिएको ।

© प्रथम संशोधनद्वारा संशोधन गरिएको।

α दोस्रो संशोधनद्वारा थप गरिएको ।

β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।

क तेस्रो संशोधनद्वारा थप गरिएको ।

ख तेस्रो संशोधनद्वारा हटाईएको ।

ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।

घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

च तेस्रो संशोधनबाट संशोधन गरिएको ।

छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

## परिच्छेद ९

## तलब, भत्ता

६३. **तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलव भत्ता पाउने छ। तलव र राशन भत्ता सिन्धुली जिल्ला प्रहरी कार्यालयको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।[β]

(घ) कार्यालयमा गैर/हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता पाउने छैन

## परिच्छेद १०

६४. **निमित्त भई काम गर्ने व्यवस्था :**

(१) एक महिना ननाघ्ने गरी कुनै कारणले प्रमुख प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

६५. ...[*]

६६. ...[*]

## परिच्छेद ११

## तालिम

६७. **तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सक्नेछ[©] ।

६८. ...[*]

६९. ...[*]

७०. **तालिमको अनिवार्यता :**

* प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

७१. ...*

७२. **प्रशिक्षार्थीले पाउने सुविधा :**

(१) मरिण गाउँपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

७३. ...*

७४. ...*

७५. ...*

७६. ...*

७७. ...*

७८. **आन्तरिक तालिम :** एकै पटक नियुक्ति भएका नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १२

## पोशाक

७९. **नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८०. **प्रारम्भिक पोशाक र सामान :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

८१. **जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईने छ ।

∗ प्रथम संशोधनद्वारा हटाईएको ।
϶ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।

८२. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

## परिच्छेद १३

## विविध

८३. ...*

८४. **चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

८५. **अन्य सुविधा तथा व्यवस्था :**

(१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) ...*

(३) ...*

८६. **बाधा अड्काउ फुकाऊः** मरिण गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

८७. **कार्यविधि संशोधन र बचाउ :** यस कार्यविधिमा आवश्यक संशोधन मरिण गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।यो कार्यविधि जारी हुनुअघि नगर प्रहरीको सम्बन्धमा भए गरेका सम्पूर्ण कामकाज यसै कार्यविधि बमोजिम भएको मानिनेछ© ।

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

∗ प्रथम संशोधनद्वारा हटाईएको ।
∍ प्रथम संशोधनद्वारा थप गरिएको ।
© प्रथम संशोधनद्वारा संशोधन गरिएको।
α दोस्रो संशोधनद्वारा थप गरिएको ।
β दोस्रो संशोधनद्वारा संशोधन गरिएको ।
क तेस्रो संशोधनद्वारा थप गरिएको ।
ख तेस्रो संशोधनद्वारा हटाईएको ।
ग तेस्रो संशोधनबाट संशोधन गरिएको ।
घ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
ङ तेस्रो संशोधनबाट संशोधन गरिएको ।
च तेस्रो संशोधनबाट संशोधन गरिएको ।
छ तेस्रो संशोधनबाट संशोधन गरिएको ।